"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

ललितपुर
३ प्रदेश, नेपाल

फोन : ०१-५५८०६५४
: ०१-५५८०७००
फ्याक्स : ०१-५५८०७०३

प.सं ०७४/७५
च.नं ४९९२

मितिः २०७५/०१/०३ गते

**विषयः निर्देशन कार्यान्वयन सम्बन्धमा ।**

श्री सबै विद्यांलयहरु,
महालक्ष्मी नगरपालिका,
ललितपुर ।

प्रस्तुत सम्वन्धमा शैक्षिक सत्र २०७५ शुरु भइसकेको सन्दर्भमा संलग्न शैक्षिक पात्रो र निर्देशनहरु सबै विद्यालयले कार्यान्वयन गरी शिक्षामा एकरुपता र गुणस्तरीय सुनिश्चित गर्न आवश्यक देखिएकोले आ-आफ्नो कार्ययोजना यसै बमोजिम अद्यावधिक गर्नु गराउनु हुन सबै विद्यालयलाई जानकारी गराइएको छ ।

**मित्रप्रसाद काफ्ले**
**उप-सचिव**

**बोधार्थः**

सबै वडा कार्यालयहरु, महालक्ष्मी नगरपालिका - आवश्यक जानकारी र समन्वयका लागि ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
ललितपुर ।

## शैक्षिक सत्र २०७५को लागि विद्यालयको सञ्चालन कार्य तालिका

| क.स. | महिना | जम्मा दिन | विद्यालय खुल्ने दिन | पढाइ हुने दिन | परीक्षा हुने दिन | नतिजा पकाशन हुने दिन | शनिबारको सङ्ख्या | शनिबार बाहेक सार्वजनिक विदा | स्थानीय आवश्यकताका आधारमा हुने विदा | बर्षे तथा हिउँदे विदा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०१ | बैशाख | ३१ | २४ | १६ | | | ५ | २ | | २ | २ गते देखि ७ विद्यालयमा भर्ना, ९ र १० गते विद्यालयको बार्षिक कार्य तालिका र योजना निर्माण, विद्यार्थी उपलब्धि गणना तथा विश्लेषण । ११ गते देखि अनिवार्य रुपमा कक्षा सञ्चालन गर्ने । |
| ०२ | जेष्ठ | ३१ | २७ | २७ | | | ४ | | | | |
| ०३ | आषाढ | ३२ | २७ | १९ | ८ | | ५ | | | | २४-३२ गते सम्म प्रथम त्रैमासिक परीक्षा सञ्चालन |
| ०४ | श्रावण | ३१ | १४ | १४ | | १९ गते | ४ | | | १५ | १ गते देखि १५ गते सम्म बर्षे विदा |
| ०५ | भाद्र | ३१ | २२ | २२ | | | ५ | | | ४ | (१० गते जनै पूर्णिमा, १७ गते श्रीकृष्णअष्टमी, २७ गते हरितालिका तीज र २९ गते ऋषि पञ्चमी) ४ दिन बर्षे तथा हिउदे विदाबाट काटिने गरी विदा दिने |
| ०६ | आश्विन | ३१ | १६ | ८ | ८ | | ४ | ९ | | | १५-२३ गते सम्म दोश्रो त्रैमासिक परीक्षा सञ्चालन । |
| ०७ | कार्तिक | ३० | १७ | १७ | | १५ गते | ४ | ९ | | | |
| ०८ | मार्ग | २९ | २४ | २४ | | | ५ | | | | |
| ०९ | पौष | ३० | १३ | ५ | ८ | | ४ | | | १५ | ६ गते देखि १५ गते सम्म तेश्रो चौमासिक परीक्षा । १६ गते देखि ३० गते सम्म बर्षे तथा हिउदे विदाबाट काटिने गरी विदा दिने |
| १० | माघ | २९ | १८ | १७ | | १५ गते | ४ | १ | | ८ | १ गतेदेखि ८ गतेसम्म बर्षे तथा हिउँदे विदाबाट काटिने गरी विदा दिने । २७ गते बसन्त पञ्चमी शैक्षिक संस्था विदा |
| ११ | फाल्गुन | ३० | २४ | २४ | | | ४ | २ | | १ | २४ गते अन्तराष्ट्रिय महिला दिवस बर्षे तथा हिउँदे विदाबाट काटिने गरी विदा दिने |
| १२ | चैत्र | ३० | २४ | ६ | ८ | २९ गते | ५ | १ | | | १० गतेदेखि १८ गतेसम्म बार्षिकक परीक्षा, १९ -२९ गते सम्म उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन, विश्लेषण तथा BLE परीक्षा समेत |
| जम्मा | | ३६५ | २५० | १९९ | | | ५३ | २२ | ५ | ४५ | |

मित्रप्रसाद काफ्ले
उप-सचिव

महालक्ष्मी नगर...
नगर कार्यपालिकाको का...
प्रदेश नं. ३
...ललितपुर

पुनश्चः १. प्रथम त्रैमासिक परीक्षासम्म पढाइ हुने दिन ६२, दोश्रो त्रैमासिक परीक्षासम्म पढाइ हुने दिन ४४, तेश्रो त्रैमासिक परीक्षा सम्म पढाइ हुने दिन ४६ र तेश्रो त्रैमासिक परीक्षापछि अन्तिम परीक्षासम्म पढाइ हुने दिन ४७ गरी जम्मा पढाइ हुने दिनहरु १९९ दिनहरु हुनेछन्, जसबाट विद्यालयहरुले वि.व्य.स.को निर्णय अनुसार ५ दिन स्थानीय विदा दिन सक्नेछन् । शिक्षकहरुले बैशाख र कार्तिक महिनामा आआफ्नो विषयको शिक्षण तथा सिकाई सुधार योजना (Teaching Learning Improvement Plan- TLIP) निर्माण तथा विश्लेषण गर्नु पर्ने छ ।

२. सामान्यतया आषाढ, आश्विन, माघ र चैत्र महिनामा नगर शिक्षासम्वन्धी नीति र कार्यक्रमबारे अन्तर्क्रिया, छलफलका लागि नगर शिक्षा समितिको बैंठक हुने छ ।

३. नगर शिक्षा समितिको निर्णय बमोजिम नगर स्तरिय अतिरिक्त कृयाकलाप मङ्सीर महिनामा सञ्चालन गरिने छ ।

४ सबै विद्यालयहरुले प्रत्येक महिनाको पहिलो शुक्रबार शिक्षक स्टाफ बैंठक अनिवार्य रुपमा गरी पठनपाठनसम्बन्धी छलफल र निर्णय गर्नु पर्ने छ र सो निर्णयको प्रतिलिपि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

५. सबै. विद्यालयहरुले Extra Curricular Activities. कम्तीमा महिनाको २ पटक सञ्चालन गर्नु गराउनु पर्ने छ । यसको व्यवस्था विद्यालयको Calender मा नै अनिबार्य रुपमा गरी कार्यान्वयन गर्नु पर्ने छ । नगर स्तरमा आयोजित विभिन्न अतिरिक्त तथा सह कार्यकलापहरुमा हरेक विद्यालयले विद्यार्थीहरुको सहभागी गराउनु पर्ने छ ।

६. **"एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहुँचको सुनिश्चितता र सिकाइमा स्थायित्व"** भन्ने नेपाल सरकारको **विद्यार्थी भर्ना अभियान २०७५** को आह्वानलाई साकार पार्न सम्पूर्ण विद्यालय परिवार परिचालित हुनु पर्ने छ ।

७. सबै संस्थागत विद्यालयहरुले १० जना विद्यार्थी बरावर १ विपन्न तथा गरीब विद्यार्थीलाई छात्रवृति सहित अध्यापन गराउनु पर्ने छ । छात्रवृति वितरणका लागि जेष्ठ महिनाको पहिलो हप्ता कम्तिमा १५ दिने सूचना सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुले जानकारी हुने गरी विद्यालयमा, वडा कार्यालयमा र नगरपालिकामा टाँस गरेको प्रमाण राखी छात्रबृतिको आवेदन सङ्कलन गरी उक्त कार्य सम्पन्न गर्न नगर शिक्षा कार्यविधि बमोजिम नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखासित समन्वय गरेर मात्र विद्यार्थी छनोट गरी सो सुविधा उपलब्ध गराउनु पर्ने छ ।

८. "विद्यालय सुधार योजना सहयोगी पुस्तिका २०७४"बमोजिम विपद् व्यवस्थापन सूचकहरुसमेत समेटी **विद्यालय सुधार योजना** निर्माण वा अद्यावधिक **गरी २०७४ बैशाख मसान्तभित्र** एकप्रति विद्यालयमा, एकप्रति स्रोतकेन्द्रमा र एकप्रति नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्ने छ । साथै सोही विद्यालय सुधार योजनाको अद्यावधिक योजना प्रभाबकारी रुपमा कार्यन्वयन गर्ने गराउनु पर्ने छ ।

९. बैशाख ८ गते नगर पालिका स्तरीय सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष र प्रधानाध्यापक संमेतको विद्यालय सञ्चालन तथा व्यवस्थापन र योजनासम्वन्धी कार्यशाला सञ्चालन गरिने छ र ९ र १० गते सबै विद्यालयहरुले सरोकारवालाहरुको सहभागितामा आआफ्नो विद्यालयको बार्षिक कार्यतालिका र योजना निर्माण गर्नु पर्ने छ । र बैशाख मसान्तभित्र सो योजनाको एकप्रति नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

१०. नगरपालिकाका सबै विद्यालय शान्ति क्षेत्र घोषित गरिएका छन् । कसैले पनि शान्ति भंग गर्ने कुनै पनि क्रियाकलाप नगरिदिन हुन नगरपालिका हार्दिक आग्रह गर्दछ । कुनै कारणबस बन्द, हडताल, चक्काजाम वा अबरोध सिर्जना भै कक्षा सञ्चालन हुने दिन पठनपाठन नभएमा त्यस दिनको पठनपाठन सार्वजनिक विदाको दिनमा समेत क्षतिपूर्ति कक्षा अनिवार्य रुपमा सञ्चालन गर्नु पर्ने छ ।

मित्रप्रसाद काफ्ले
उप-सचिव